**दोरम्वा गाउँपालिकाको पाँचौ गाउँसभाको वैठकमा २०७६ साल असार १५ गते गाउँपालिका उपाध्यक्ष श्री कृशला घिसिङले प्रस्तुत गर्नुभएको**

आर्थिक वर्ष २०७६/७७ को

बजेट वक्तव्य

**दोरम्वा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**टोकरपुर, रामेछाप**

**प्रदेश नं. ३, नेपाल**

## १.१

दोरम्वा गाउँपालिकाको पाचौ गाउँसभाद्धारा स्वीकृत आर्थिक वर्ष २०७६/७७ को वार्षिक वजेट नीति तथा कार्यक्रम सार्वजनिक समारोहका श्रद्धेय सभाध्यक्षज्यू,

प्रमुख अतिथी प्रदेश नं.३ प्रदेश सरकारका माननीय सामाजिक विकास मन्त्री श्री युवराज दुलालज्यू,

विशिष्ठ अतिथि माननीय सांसद श्री शान्ति प्रसाद पौडेलज्यू

विषेश अतिथि जिल्ला समन्वय समितिका प्रमुखू, अन्तरस्थानीय तहका प्रमुखज्यू प्रमुख जिल्ला अधिकारीज्यू जिल्ला समन्वय अधिकारीज्यू,

मञ्चमा आसिन जिल्ला स्थित राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु,

गाउँपालिकाका सम्पुर्ण विषयगत समितिका संयोजकज्यूहरु,

वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु,

सभासदस्यज्यूहरु,

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सम्पुर्ण कर्मचारी मित्रहरु,

नेपाली सेनाका सेनानीज्यू,

ईलाका प्रहरी कार्यालयका प्रहरी निरिक्षकज्यू लगायत सम्पुर्ण सुरक्षाकर्मी मित्रहरु,

विद्यालय व्यवस्थापन समितिका अध्यक्षज्यू लगायत सम्पुर्ण विद्यालयका प्र.अ तथा शिक्षकज्यूहरु,

सरकारी एवं गैर सरकारी संघ संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु,

महिला संघ संगठनका प्रमुख तथा प्रतिनिधिज्यहरू,

टोल विकास समितिका सम्पुर्ण पदाधिकारीज्यूहरु,

वाल संजाल तथा वालक्लवका प्रतिनिधिज्यूहरु,

संचारकर्मी मित्रहरु लगायत उपस्थित सम्पुर्ण आमा वुवा दाजुभाई दिदिवहिनीहरुलाई हार्दिक स्वागत एवं अभिवादन व्यक्त गर्न चाहन्छु ।

सघीय संरचनाको अभ्यास गर्ने क्रममा हामी तेश्रो पटक वजेट सार्वजनिक कार्यक्रममा उपस्थित भएका छौ । यस गरिमामय सभामा गाउँपालिकाको उपाध्यक्षको हैसियतले दोरम्बा गाउँसभाका तर्फबाट आथिक वर्ष २०७६/७७ को वार्षिक कार्यक्रम एवं बजेट प्रस्तुत गर्न पाँउदा आफूलाई गौरवान्वित महशुस गरिएकी छु । यस गाउँपालिकाको सभाको यस

महत्वपूर्ण समारोहमा यहाँहरु सवैमा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्न चाहन्छु । राष्टियता र स्वाधिनताको रक्षा गर्दै न्यायपुर्ण समाजको निर्माण र समृद्धिको मार्गमा एकतावद्ध रहेका महान गाउँबासी नागरिक र राजनीतिक नेतृत्व प्रति पनि उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

सर्वप्रथम, यो देश र जनतालाई स्वतन्त्र र सार्वभौमसत्ता सु सम्पन्न बनाउन विभिन्न कालखण्डमा गरिएका ऐतिहासिक संघर्ष तथा आन्दोलनमा शहादत प्राप्त गर्नु हुने सम्पूर्ण महान ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाईतेहरु तथा वेपत्ताजन प्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

नेपाल सरकारले लिएको “**समृद्ध नेपाल सुखी नेपाली**” को परिकल्पना पुरा गर्न संघीय सरकार, प्रदेश सरकारको साथ साथै स्थानीय सरकारको दायित्व आफैंमा छ । यस परिकल्पना पुरा गर्नका लागि गाउँपालिकाको समग्र समिति हरपल लागिरहेको जानकारी यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छ । नेपालको बर्तमान संविधानमा भएको व्यवस्था बमोजिम प्रत्येक गाउँपालिका एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ भन्ने उल्लेख गरे अनुसार नै यस गाउँपालिकाले पनि आफ्ना समग्र गतिविधि एवं काम कारवाहीहरुको सञ्चालनमा व्यवस्थित गरिएको छ । रामेछाप जिल्लामा रहेका ८ स्थानीय तहहरुमध्धे यस गाउँपालिकाले मात्र आफ्ना विकासका गतिविधि संचालन गरी जनतालाई स्थानीय सरकारको आभास दिलाउनु आफैंमा अप्रयाप्त हुन सक्छ तथापि अन्तरस्थानीय तहहरुको सेवा समुन्नत सहकार्यका साथै गाउँपालिकाका समग्र जनप्रतिनिधि र कर्मचारीहरुको संयुक्त अथक प्रयासले मात्र चुनावी सभाहरुमा हामीवाट गरिएका प्रतिवद्धता पुरा गर्ने कार्यमा सफल हुने र यस गा.पा लाई समृद्ध वनाूने अभियानमा सफलता मिल्लु कुरा सवैमा पुनः स्मरण गराउन चाहान्छौ ।

**आदारणिय उपस्थित महानुभावहरु**

यस गाउँपालिका विषेश गरि प्राकृतिक तथा ऐतिहासिक दृष्टिकोणवाट राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा चिरपरिचित रहेको छ । यिनै प्राकृतिक तथा ऐतिहासिक महत्वको जगमा रहेर विकास निर्माणका कार्यहरु संचालन गरी आम नागरिकलाई स्थानीय सरकारको आभास दिलाउनु आफैमा चुनौती पुर्ण कार्य रहेको छ तापनि संघीय सरकार र प्रदेश सरकारवाट प्राप्त सिमित साधन स्रोत र गाउँपालिकाको न्युन आन्तरीक आयस्रोतको अधिकतम परिचालन गरि दिगो विकासको  लक्ष्य हासिल गर्नु पर्नेछ ।

यसमा विशेष गरी हिन्दु, वौद्ध र केही मात्रामा क्रिश्चियन धर्मावालम्वीहरुको बसोबास रहेको र अँधिकांश नागरिकहरु कृषि र पशुपालनलाई मुख्य पेशाको रुपमा विगत देखि नै अँगाल्दै आएका छन् । यस गाउँपालिका काठमाडौं उपत्यकावाट नजिक रहेकोले यस गाउँपालिकाको आर्थिक सामाजिक विकासमा प्रत्यक्ष सकारात्मक प्रभाव परेको छ । यहाँ उत्पादन हुने कृषिजन्य तथा पशुजन्य उपजहरु तिनै बजार क्षेत्रमा वढी खपत र विक्री हुने सम्भावना रहेको छ । भौगोलिक रुपमा मध्यम स्तरीय पहाडी धरातल रहेको यस क्षेत्रमा मानव वसोबास र पर्यटन व्यवसायको लागि अति उपयूक्त स्थानहरु रहेका छन् । सामरिक महत्व वोकेको ऐतिहासिक गाउँपालिका भएकोले यसलाई एक सक्षम गाउँपालिकाको रुपमा स्थापना गर्ने चुनौति समग्र गाउँवासी तथा सरकारी र गैरसरकारी निकायहरुको काँधमा आई परेको छ । यहाँ भएका सम्भावनाहरुलाई अवसरको रुपमा परिणत गर्न र यहाँ रहेका समस्याहरुको न्यूनीकरण गर्ने क्रममा योजनावद्ध तरिकावाट लाग्नु पर्ने आवश्यकता पनि रहेको छ ।

दोरम्बा गाउँपालिकाले यस क्षेत्रको समग्र विकासका पहलहरु गर्दै लैजान हरेक वर्ष वार्षिक रुपमा योजना तथा कार्यक्रमहरु ठोस रुपमा तयार गरी अगाडि बढनु जरुरी छ । जसका लागि सम्पुर्ण जनप्रतिनिधि, कर्मचारी, स्थानीय आम नागरिक सवैको सहभागितामा प्रस्तुत बजेट नीति तथा कार्यक्रम कार्यान्वयनमा पुर्ण सफल हुने आशाका साथ चालु आर्थिक वर्ष २०७५/७६ को वार्षिक समिक्षा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## १.२. गाउँपालिकाको समग्र विश्लेशण

### १.२.१. सवल पक्ष

- गाउँपालिकाको मुख्य राजमार्गको रुपमा रहेका विभिन्न सडक पुर्वाधारको स्तरोन्नति गरी वाह्रै महिना यातायात संचालन हुने अवस्था सृजना भएको छ ।
- प्राकृतिक चिनारीको रुपमा रहेको शैलुङ क्षेत्रलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा पहिचान गराई प्रयर्टन प्रवर्द्धनका निम्ति प्रथम शैलुङ महोत्सव संचालन गरी आम गाउँपालिकावासीलाई शैलुङ प्रतिको अपनत्व महसुस गरिएको छ । साथै उक्त क्षेत्रको विकासका लागि खोलाखर्क गुरुयोजना निर्माण, शैलुङ बाघढुङ्गासम्म सहज तवरले अवलोकन/भ्रमण गर्नका लागि पदमार्ग मर्मत तथा रेलिङको निर्माण गरिएको छ ।
- दोरम्बा र कुखुरेआहाल वजारक्षेत्रलाई व्यवस्थित वनाउन विस्तृत परियोजना प्रतिवेदन तयार गरि वजार व्यवस्थित वनाउनका लागि आधारस्तम्भ खडा भएको छ ।
- आम नागरिकहरुलाई आफ्नो घर जग्गासम्म पुग्ने गरि वाह्रै महिना सडक संचालन हुने गरी मुख्य सडक निर्माणमा जोड दिने र नयाँ ट्र्याक खोल्ने कार्यलाई निरुत्सहित गर्न गाउँपालिकाको विस्तृत सडक गुरुयोजना (च्गचबौ :गलष्अष्ठबौ त्चबलकउयचत :बकतभच एबिल) अन्तिम चरण पुगेको छ ।

- अग्लेश्वरी, गुँरासे मन्दिर सिँढी मर्मत, सानो शैलुङ शौचालय तथा खानेपानी योजना सम्पन्न गरी भक्तजनका  लागि सहजरुपमा दर्शन गर्ने वातावरण सृजना भएको छ ।
- यस गाउँपालिकाको भौगोलिक रुपमा विकट रहेको वडा नं. ४ गौश्वारा, पासेवन जोड्ने सडकखण्डको स्तरोन्नति गरी विगतको तुलनात्मक हिसावमा स्थानीय वासीलाई सहज आवागमनको वातावरण सृजना भएको छ ।
- गाउँपालिका भित्रका ५ वटा वजार क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गरि आम नागरिक माफ स्वास्थ्य र सरसफाईको महत्वलाई प्रत्याभुति गरिएको छ ।
- गाउँपालकाका अधिकांश सडकहरुमा ढुँगा सोलिङ गरी सहज आवागमनको व्यवस्था मिलाईएको छ ।
- गाउँपालिकामा निर्वाचित भएपश्चात साँघुरो कार्यकक्ष, यत्रतत्र छरिएका विषयगत शाखा कार्यालयहरुलाई एकै ठाउँ (इलभ मययच बर्ी यााष्अभ) को अवधारणालाई आत्मसाथ गरी आम नागरिकलाई सहज सेवा दिने उद्धेश्यले गाउँ कार्यपालिकाको कार्यालय भवन, ४ वटा वडा कार्यालय भवन निर्माण र ३ वटा वडा कार्यालयहरुलाई मर्मत तथा स्तरोन्नति गरी सहज रुपमा नागरिकलाई सेवा दिने प्रयास गरिएको छ । यसले आगामी दिनमा सेवा प्रवाहमा रहेको आम नागरिकको गुनासो शिघ्र रुपमा सम्वोधन हुने अपेक्षा लिएकी छ ।
- कृषकहरुलाई आधुनिक व्यवसायसँग परिचित गराई व्यवसायिकीकरण ढंगवाट कृषि खेती गर्नका लागि गाउँपालिकाको वृहत्तर कृषि गुरुयोजना निर्माण गरिएको छ । साथै कृषकहरुलई आधुनिक कृषि उपकरण, कृषि अनुदान, मल विउ विजन वितरण गरी गाउँपालिकामा कृषि योग्य वातावरणको आधार तयार गरिएको छ ।
- **“एक गाउँपालिका एक अस्पताल”** को अवधारणालाई साकार पार्न वडा नं. २ मा १५ शैयाको अस्पताल निर्माण गरिएको छ । साथै शिध्र रुपमा विशेषज्ञ चिकित्सकहरुलाई नियुक्ति गरि सेवा संचालन हुने अपेक्षा लिएको छ ।
- गाउँपालिकावाट हुने विकास निमार्ण कार्य तथ्याङ्कमा आधारित रहेर संचालन गर्न गाउँपालिकाको वस्तुचित्र (र्खर्ीबिनभ एचयाषिभ) निर्माण भएको छ । यसै वस्तुचित्रलाई आधार लिई आगामी दिनमा गाउँपालिकाको वेभसाईटवाट सेवा प्रवाह लगायतका विषय देश विदेशमा रहेका हाम्रा सेवाग्राहीले जानकारी पाउने विश्वास लिएकी छ ।

## १.२.२. कमजोर पक्ष

गाउँपालिकामा निर्वाचीत भए पश्चात तत्काल गाउँपालिकावासीमा परिवर्तनको आभास दिने गरि काम गर्ने उत्कट चाहाना हुँदा हुँदै पनि विविध पक्षहरुका कारण सो हुन सकेन जुन कारणहरु निम्न रुपमा उल्लेख गरिएको छ ।

- स्थानीय सरकार गठन भई कार्य संचालनमा आईसकेको भएतापनि आम नागरिकमा पुरानै स्थानीय निकायको सोच कायम रहेको र विकास निर्माणमा फराकिलो सोच कायम गर्न नसकिएको अवस्था विद्यमान छ ।

- आफूले तिर्नुपर्ने कर, दस्तुर तथा राजश्व समयमा नै बुझाउनु पर्छ भन्ने भावना तथा बानीको विकास नभएको जसले गर्दा विकास कार्यमा आन्तरिक आयको न्युन रुपमा परिचालन गरि केन्द्रको मुख ताक्नुपर्ने अवस्था छ ।
- गाउँपालिका भित्र रहेका महत्वपुर्ण स्थानहरुलाई व्यवस्थित रुपवाट वजारीकरण गर्न सकिएको छैन ।
- गाउँ कार्यपालिकाको कार्यालयमा पर्याप्त जनशक्ति समेत नहुँदा सेवा प्रवाहमा समस्या देखिएको अवस्था विद्यमान छ ।
- यस गाउँपालिकाका अधिकांश व्यक्तिहरुको काठमाण्डौ उपत्यकामा समेत वसोवास रहेको र गाउँमा हुने विकास निर्माणका कार्यहरुमा उनीहरुलाई थोरै समय मात्र पनि विकासात्मक कार्यमा परिचालन गर्न सकिएको छैन ।
- विकास निर्माण कार्यमा आम नागरिकहरुमा सामुहिक भन्दा व्यक्तिगत सोच र आवश्यकता पुर्तिका लागि अग्रसर हुने देखिएकोले लक्ष्य अनुसार विकास निर्माण कार्य संचालन गर्नमा पनि असहज वातावरण सृजना भएको देखिन्छ ।
- भौगोलिक विकटता र पर्याप्त भौतिक पूर्वाधार अभावका कारण जन्म, मृत्यु, विवाह, वसाईंसराई र सम्वन्ध विच्छेद जस्ता सामान्य घटना दर्ताका कार्य अनलाईन प्रणालीवाट सेवा दिन सकिएको छैन ।

**आदारणिय उपस्थित महानुभावहरु**

## १.२.३. अवसर

माथि उल्लेखित समस्याहरुका वावजुद हामीलाई केही सुनौला अवसरहरुले पनि पच्छ्याईरहेका छन, जुन निम्नानुसार छन ।

- यस गाउँकार्यपालिका र वडा कार्यालय भवनहरु यसै आर्थिक वर्षमा निर्माण सम्पन्न हुने भएकोले आगामी दिनमा आम नागरिकलाई सहज रुपमा सेवा दिन सकिने आधार सृजना भएको छ ।
- प्राकृतिक श्रोतहरु अधिक रहेको कारण सोको व्यवस्थित तवरले उपभोग गर्न सकिने सँभावना रहेको छ ।
- उत्पादित सामग्रीहरुको बजारका लागि छोटो दुरीमा देशकै राजधानी रहेको र सडक पुर्वाधार बाह्रै महिना संचालन हुने अवस्था सृजना भएकोले उत्पादित उपजहरुको सहज विक्रि वितरण गर्न सकिने आधार सृजना भएको छ ।
- यस गाउँपालिकामा तामाङ, मगर, नेवार र ब्राम्हण लगायतका जात जातिहरुको वाहुल्यता रहेकोले यस क्षेत्रलाइ सांस्कृतिक धरोहरको रुपमा विकास गर्न सकिने अवस्था समेत सृजना भएको छ ।

- शैलुङ क्षेत्रको उचित व्यवस्थापन मार्फत पर्यटन प्रवर्द्धन गरी आन्तरिक आम्दानी वृद्धि गर्न सकिने अवस्था छ ।
- गाउँपालिका भित्रका दोरम्वा, डडुवा, गौश्वारा क्षेत्रमा आलु किवी र अलैंची साथै लखनपुर क्षेत्रमा सुन्तला खेतीका माध्यमवाट व्यवसायिक कृषि खेती गीर आम नागरिकको आर्थिक जीवनस्तर सुधार हुने अवस्था सृजना भएको छ ।

### १.२.४. चूनौती

हरेक अवसरका साथमा चुनौती पनि अवश्य आउँछन नै । हामीमा पनि केही चुनौती छन जसलाई यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छ ।

- कठिन भौगोलिक परिवेशमा छरिएको वस्तीलाई एकीकृत वस्तीको रुपमा रुपान्तरण गरी विकास निर्माण गर्नु कठिन रहेको छ ।
- कर कम तिर्ने र कर नै नतिर्ने मानसिकता र बढी आन्तरिक श्रोत परिचालन गर्नु पर्ने वाध्यतालाइ संयोजन गर्नु पनि आफैंमा चुनौतीपुर्ण रहेको छ ।
- वीस वर्ष पछि भएको स्थानीय तहको निर्वाचन पश्चात आम जनताका आकासिएका आकांक्षा र सीमित श्रोत साधनलाइ तादाम्यता गर्नु पनि अर्को चुनौती रहेको छ ।
- गाउँपालिकामा विगतदेखि कुनै दिर्घकालिन योजना विना विकास निर्माणका कार्यहरु भएकोले विकास निर्माणका कार्यलाई सही दिशातर्फ लैजानु र प्राथमिकता दिनु थप चुनौती रहेको छ ।
- उपभोक्ता समितिमा पदाधिकारीको रुपमा वस्न चाहने अत्याधिक नागरिकहरु भेटिने तर जनश्रमदान गर्नमा भने कमको चाहना हुँदा न्युन आन्तरिक आयको अलावा सिमित केन्द्र र प्रदेश सरकारको अनुदानवाट विकास कार्य संचालनमा जटिलता सृजना भएको छ ।
- दिर्घकालिन सोच र प्राविधिक सर्भे विना सडक निर्माण कार्य संचालन गरी सडक नालाको उचित व्यवस्थापन नहुँदा एक वर्षमा संचालित विकास निर्माण कार्यमा अर्को वर्षमा पुनः निर्माण गर्नु पर्ने अवस्था सृजना भएको जसले गर्दा दिगो विकासका लागि समस्या सृजना भएको अनुभुति भएको छ ।

## १.३. वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमाका लागि अवलम्बन गरिएको पद्धति

**आदारणिय उपस्थित महानुभावहरु**

यस गाउँपालिकाको वार्षिक, नीति तथा कार्यक्रम तर्जुमाका लागि देहायका पद्धतिहरु अवलम्बन गरिएको छ ।

- ✓ नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची ।
- ✓ नेपालको संविधानमा उल्लिखित मौलिक हकहरु,

- ✓ नेपालको संविधान भाग ४ अन्तरगतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धि नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्य प्रणाली,
- ✓ नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन,
- ✓ संघीय तथा प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- ✓ संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा बित्तीय नीतिहरु,
- ✓ स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु,
- ✓ नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु,
- ✓ स्थानीय सरकार संचालन ऐनमा व्यवस्था भएका प्रावधानहरु
- ✓ विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, बालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, खुला दिसामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तर सम्बन्धित विषयहरु,
- ✓ स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु ।

## १.४. आयोजना प्राथमिकिकरणका आधारहरु

यस गाउँपालिकाले आर्थिक बर्ष २०७६/७७ का लागि योजना तथा कार्यक्रम छनौट गर्दा तपसिलमा उल्लेखित आधारहरुलाई लिई छनौट तथा प्राथमिकीकरण गरेको छ ।

- ✓ आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने ।
- ✓ उत्पादनमूलक र छिटो प्रतिफल दिने (ठूला आयोजनाहरुको हकमा बढीमा ३ वर्ष भित्र सम्पन्न हुने)
- ✓ राजश्व परिचालनमा योगदान पुर्‍याउने ।
- ✓ सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्‍याउने ।
- ✓ स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने ।
- ✓ लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने ।
- ✓ दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्‍याउने ।
- ✓ समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल ९च्भकष्भिलअभ० बनाउने ।
- ✓ स्थान विशेषको संस्कृति र पहिचान प्रवद्धन गर्ने ।
- ✓ स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु ।

# २. आगामी आ.व. २०७६/०७७ को नीति, बजेट तथा कार्यक्रम

## २.१ सोच

**"कृषि र पर्यटनमा मुख्य सुधार, दोरम्बा गाउँपालिका समृद्धिको मुल आधार"** भन्ने नारालाई यर्थाथतामा ल्याई समृद्द दोरम्बा निर्माण गर्ने ।

## २.२ लक्ष्य

पर्यटन र शिक्षाको विकास, कृषिमा आधुनिकीकरण, भौतिक पूर्वाधारको विकास र स्वरोजगारमूलक कार्यक्रमलाई संगसंगै लैजाने र गाउँपालिकाका सबै वडालाई सडक सञ्जालमा जोड्दै कृषि क्षेत्रमा व्यवसायिकरण, बजारिकरण तथा यान्त्रिकीरणलाई प्रोत्साहित गर्दै दीगो आर्थिक वृद्धि हासिल गरी जीवनस्तरमा सुधार ल्याउनु ।

## २.३ उदेश्य

**यस बजेट का उद्धेश्यहरु निम्नानुसार लिईएको छ ।**

१) भौतिक पूर्वाधार र आधुनिक कृषिको विकास गरी गरिवी न्यूनकरणमा जोड दिने ।

२) आर्थिक श्रोत अभिवृद्धि गर्दै आत्मनिर्भरता वढाउनेतर्फ विशेष पहल गर्ने ।

३) जेष्ठ नागरिक, महिला, दलित, आदिवासी जनजाति, शारिरीक अपाङ्गता भएका ब्यक्ति, पिछडिएको वर्ग तथा क्षेत्रको विकासमा जोड दिई समावेशी र दीगो विकासको अवधारणा आत्मसात गर्ने ।

४) पर्यटकीय गन्तव्यहरुको विकास गरी पर्यटन प्रर्द्धनमा जोड दिने ।

५) शिक्षा क्षेत्रमा गुणात्मक सुधार गरि स्वरोजगारको माध्यमवाट दक्ष जनशक्तिको निर्माण गर्ने ।

६) प्राविधिक शिक्षा प्रणाली लागु गरि दक्ष जनशक्तिको उत्पादन गर्ने ।

## ३ अपेक्षित उपलब्धी

**आदारणिय उपस्थित महानुभावहरु**

अव म आगामी वर्ष २०७६/७७ को बार्षिक बजेटले तपसिलमा उल्लेखित उपलब्धि हासिल हुने देखि यो गरिमामय सभामा प्रस्तुत गर्न चाहान्छु ।

## ३.१ पूर्वाधार विकासतर्फ

- प्रत्येक टोल एवं वस्ती सडक सञ्जालमा जोडिएको हुनेछ ।
- राजमार्गबाट प्रत्येक वडा केन्द्र जोड्ने सडक स्तरोन्नती भएको हुनेछ ।
- वडा नं.१ देखि ७ सम्म जोड्ने सडकको ट्र्याक निर्माण एवँ स्तरोन्नती भएको हुनेछ
- खानेपानी समस्या परेको समुदायको घर घरमा स्वच्छ खानेपानी सुविधा भएको हुनेछ
- पूर्ण सरसफाई युक्त समुदाय (प्रत्येक घरमा शौचालय, फोहोर व्यवस्थापन) भएको हुनेछ ।
- स्थानीय, कला र संस्कृति प्रवर्द्धन गर्दै आर्थिक उपार्जन वृद्धि भएको हुनेछ ।
- लैगीक समता र सामाजिक सद्भाव विकास भएको समुदाय हुनेछ ।

## ३.२ आर्थिक विकासतर्फ

- आन्तरिक तथा बाह्रय पर्यटन विकास गरि समुदायको आम्दानीस्तर वृद्धि भएको हुनेछ ।
- आधुनिक कृषि प्रणाली विकास गर्न यूवाको सहभागीता र कृषि उपजलाई सहज रुपमा बजारीकरण भएको हुनेछ ।
- साना उद्योग तथा व्यवसाय वृद्धि भएको हुनेछ ।
- सहकारी मार्फत उत्पादन क्षेत्रमा लगानी वृद्धि भएको हुनेछ ।

**३.३ सामाजिक विकासतर्फ**

- सबै बालबालिका विद्यालयमा भर्ना भएको, बालबालिकाको उपस्थिति दर वृद्धि गर्दै सिकाई स्तर सुधार भएको हुने ।
- सहज माध्यमिक तथा उच्च शिक्षा र कृषि तथा प्राविधिक शिक्षा प्रवर्द्धन भएको हुनेछ ।
- प्रत्येक नागरिकले आधारभूत स्वास्थ्य सेवा प्राप्त गरेको हुनेछ ।
- कृषि उत्पादन वृद्धि गर्ने साना सिंचाई सुविधा प्राप्त गरेको हुनेछ ।
- विद्युतीकरण र वैकल्पिक उर्जा प्रवर्द्धन भएको हुनेछ ।

**३.४ बन वातावरण तथा विपद व्यवस्थापनतर्फ**

- बनजंगल संरक्षण गर्दै  जडिबुटी उत्पादन एवं बजरिकरण हुनेछ ।
- उत्पादनमूलक भू संरक्षण तथा जल उत्पन्न प्रकोप नियन्त्रण भएको हुनेछ ।
- समुदायमा विपद व्यवस्थापन तथा पूर्व तयारी योजना, ज्ञान तथा सीप विकास भएको हुनेछ ।

**३.५ संस्थागत क्षमता विकास तथा वित्तिय सुशासन तर्फ**

✓ तोकिएको समय अवधिमा **घट**ना दर्ता भएको हुनेछ ।

✓ स्थानीय सरकारको सेवा प्रवाह पारदर्शी तथा जवाफदेही भएको हुनेछ ।

✓ वित्तिय सुशासन कायम गर्नमा थप योगदान पुर्‍याएको हुनेछ ।

**आदारणिय उपस्थित महानुभावहरु**

अव म क्षेत्रगत विषयतर्फ विनियोजन गरिएको रकमको केही संक्षिप्त विवरण प्रस्तुत गर्न चाहान्छु ।

**आर्थिक विकासतर्फ**

यस गाउँपालिकाको पशुसेवा शाखावाट पशुसेवा सम्वन्धी कार्यक्रम संचालनका लागि ५० प्रतिशत अनुदानमा विविध कार्यक्रम संचालन गर्ने गरि रु २५ लाख विनियोजन गरिएको छ । जसमा कृषकहरुलाई व्यवसायिक तवरले वाखा पालन व्यवसाय संचालन गर्ने तर्फ अभिरुचि जर्गेना गर्नका लागि नमुना कृषकलाई वोयर जातको वोका खरिद गरि ५० प्रतिशत अनुदानमा उपलब्ध गराईनेछ । कृषि तर्फ अनुदानमा आधारित औचार उपकरण वितरण, विउ विजन वितरण, हिउदे र वर्षे फलफुल विरुवा वितरण पकेट क्षेत्र विस्तार लगायतका कार्यक्रमका लागि रु ५० लाख विनियोजन गरिएको छ

**सामाजिक विकासतर्फ**

यस गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तरमा सुधार ल्याउने उत्कट अभिलाशा र विद्यार्थीहरुलाई विद्यालय जाने वानीको विकास गर्न प्रत्येक विद्यार्थीलाई पोशाक स्वरुप ट्याकसुट उपलब्ध गराईनेछ जसको लागि रु ३० लाख रकम विनियोजन गरिएको छ ।

विद्यालयमा रहेको शिक्षक विद्यार्थीको अनुपातमा शिक्षक दरवन्दी नभएको भनी आम शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक संघ संगठनवाट व्यापक गुनासो आएकोले उक्त गुनासो सम्वोधन गरि शिक्षक आपुर्ति गर्नका लागि पनि रकम विनियोजन गरिएको छ ।

गाउँपालिकाले आ व २०७६/७७ मा वालमैत्री स्थानीय शासन घोषित स्थानीय तह वनाउने अभियान स्वरुप सवै विद्यालयमा वालमैत्री संरचना शौचालय,विद्यालय घेरावार, वालमैत्री शैक्षिक वातावरण सृजना लगायतका कार्यका लागि आवश्यक मात्रा वजेट विनियोजन गरिएको छ ।

**पुर्वाधार विकासतर्फ**

गाउँपालिकाको सिमित आन्तरिक श्रोत रहेको र केन्द्र एवं प्रदेश सरकारवाट प्राप्त सिमित स्रोतवाट जनताका असिमित चाहाना पुरा गर्नु आफैमा जटिल विषय छ । आम जनताका वस्ती स्तर र वडा भेलावाट आएका मागहरु क्षमता विकास भन्दा पनि सडक निर्माणमा मात्र सिमित देखिएकोले पुँजीगत तर्फ विनियोजित रकमको करीव ५४ प्रतिशत रकम पुर्वाधार क्षेत्रमा विनियोजन गरिएको छ ।

यस गाउँपालिकाको गौरवको रुपमा रहेको शैलुङ क्षेत्रको विकास गर्न र प्रथम शैलुङ महोत्सव स्मारक सहितको पार्क निर्माणका लागि रु ४० लाख विनियोजन गरिएको छ ।

शैलुङ सम्म पुग्ने अधुरो ट्याक र रेलिङ निर्माण कार्य पुरा गर्नका लागि रु १५ लाख विनियोजन गरिएको छ ।

सडकतर्फ पुडीघ्याङ ट्र्याक्सीङ -खाल्डाँडा खारपानी सडक स्तरोन्नतिका लागि रु १५ लाख, हर्षितथान साल्मेखोला खर्सुवथान सडकका लागि रु १५ लाख रकम विनियोजन गरिएको छ ।

अल्छेढुँगा पुन्चेत सडक स्तरोन्नतिका लागि रु १५ लाख, दोरम्बा चौकी मानेवोदल हुदै ढोईगाउ खोला सम्मको सडक स्तरोन्नतिका लागि रु १० लाख, चौरीखोला रिष्टे सडकको निरन्तरता दिनका लागि रु १० लाख, फलामेसाँगु पाङचेत भिमसेनथान काफलडाडा सडकस्तरोन्नतिका लागि रु १२ लाख रकम विनियोजन गरिएको छ ।

**वन वातावरण तथा विपद व्यवस्थापनतर्फ**

भौगोलिक रुपमा विषम भुगोल रहेको र भुक्षयतर्फ विभिन्न समस्याहरु विद्यमान भएता पनि वडा भेलावाट न्युन माग आएका कारण यस विषयगत क्षेत्रमा न्युन रकम रु ४५ लाख ६० हजार विनियोजन भएको छ । जसमा ताम्चेत मावि ढल कटानका लागि रु २ लाख, पारनान भुक्षय नियन्त्रणका लागि रु १ लाख, विपद व्यवस्थापन सामाग्रीका लागि रु ५ लाख विनियोजन गरिएको छ । वडा नं. ४ को भौगोलिक विकटता र जनतालाई आकस्मिक अवस्थामा स्वास्थ्य सेवा प्रदान गर्नका हेलिप्याड निर्माण गर्न रु २ लाख रकम विनियोजन गरिएको छ ।

**क्षमता विकास,सेवा प्रवाह तथा वित्तिय व्यवस्थापन**

गाउँपालिकाको कार्यालय र वडा कार्यालयवाट प्रवाह हुने सेवा सुविधा को गुणस्तर नै हाम्रो उपलब्धिका सुचक हुन । सेवा प्रवाहलाई आम नागरिकमैत्री वनाउनका लागि गाउँपालिका र वडा कार्यालयहरुवाट जन्म मृत्यु, विवाह, वसाईसराई र सम्वन्ध विच्छेद जस्ता घटना दर्ताका क्रियाकलाप अनलाईन प्रणालीवाट गर्ने गरि सवै वडा कार्यालय र गाउँपालिकामा सुचना प्रविधि जडान कार्यमा जोड दिईएको छ ।

आम उपभोक्ताहरुलाई योजना तथा कार्यक्रम संचालन सम्वन्धी कानुनी जानकारीका अभावमा विगतका वर्षमा संचालित योजनाहरुमा वेरुजु देखिएको सर्न्दभलाई मध्यनजर गरि वडास्तरमा उपभोक्ता समितिहरु गठन भएपश्चात उपभोक्ता समितिहरुलाई अनुशिक्षण गर्ने कार्यलाइ समेत प्राथमिकता दिईएको छ ।

**सभाध्यक्षज्यू**

हामी निर्वाचीत भई आएपश्चात आम नागरिकको सेवा सुविधाका लागि अहोरात्र खटि रहेका छौ तर हामीले गरेका काम कारवाहीको जानकारी पर्याप्त पुर्‍याउन नसक्दा केही गुनासोका आवास समेत सुन्न आएको छ । जसलाई न्युनीकरण गर्नका लागि आगामी वर्ष यस गाउँपालिकाको ऐतिहासिक, साँस्कृतिक, प्राकृतिक र विकासात्मक गतिविधिहरुलाई समेटिएको वृतचित्र निर्माण गरि स्थानीय एवं राष्ट्रिय स्तरको संचार माध्यमवाट प्रसारण गर्ने निर्णय गरिएको छ ।

गाउँपालिकामा भएका र गरिएका काम कारवाहीलाई आधुनिक सुचना संजालमा जोडि सफ्टवेयरको प्रयोग गरि जिन्सी व्यवस्थापन, व्यवसाय कर प्रणाली अवलम्वन र एकीकृत सम्पत्ति कर प्रणालीलाई व्यवस्थित गर्न समेत ध्यान पुर्‍याएको छ । जसका लागि रु ८ लाख रकम छुट्टाएकी छ । सेवा प्रवाहमा आम नागरिक लाई सुसुचित गर्ने अभिप्राय स्वरुप प्रत्येक वडा कार्यालय र गाउँपालिकाको कार्यालयमा सवैले देख्न र पढ्न सक्ने गरी नागरिक वडापत्र रहने व्यवस्था मिलाईएको छ ।

**श्रद्धेय अध्यक्षज्यू**

अव म आगामी वर्षका लागि विनियोजन गरेको वजेट प्रस्तुत गर्न चाहान्छौ । दोरम्बा गाउँपालिकाको आगामी वर्षका लागि आय तर्फ संघीय सरकारवाट वित्तिय समानीकरणतर्फ रु १२ करोड ४८ लाख, राजश्व वाडफाडवाट रु ७ करोड ५३ लाख सशर्त अनुदान १४ करोड ८७ लाख, प्रदेश सरकार वाट प्राप्त वित्तिय समानीकरणतर्फ रु ९९ लाख ६७ हजार, सशर्त तर्फ रु १८ लाख ९८ हजार, सामाजिक सुरक्षा तर्फ रु ५ करोड, चालु आ.व.मा खर्च नभई वाँकी रहेको रकम करीव रु ३ करोड, प्रदेश सरकार वाट प्राप्त हुने सवारी साधन कर वापत रु २ करोड १ लाख १२ हजार र आन्तरिक आय गरी कुल रकम रु ४६,३९,७७,०००। हुने अनुमान गरिएको छ । विनियोजन तर्फ चालुमा रु १२,३०,००,०००। र पुंजीगतमा रु ३४,०९,७७,०००। रकम विनियोजन गरिएको छ । चालुतर्फ विनियोजित रकममा सेवा प्रवाह, तलव भत्ता लगायतका कार्यका लागि रु ६ करोड, सामाजिक सुरक्षा भत्ता वितरणका लागि रु ५ करोड, शिक्षक व्यवस्थापनमा रु ५५ लाख र स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमका लागि रु ५ लाख विनियोजन गरिएको छ । पुंजीगत रकममा आर्थिक विकासमा रु २,२७,००,०००। सामाजिक विकासमा रु १,७०,००,०००। पूर्वाधार विकासमा रु ६,१७,१९,०००। वन वातावरण तथा विपद व्यवस्थापनमा रु ४५,६०,०००। सँस्थागत विकास तथा वित्तिय व्यवस्थापन, वित्तिय जोखिम न्युनीकरण र सुशासनमा रु ८०,००,०००।, लागत साझेदारी र

जगेडा कोषमा रहेको रु ३ करोडवाट गाउँपालिकाको गौरवका आयोजना संचालन गर्ने लक्ष्य राखी रकम विनियोजन गरी कुल रकम रु ४६,३९,७७,०००। गाउँपालिकाको सँचित कोषवाट खर्च गर्ने गरी विनियोजन गरेको जानकारी गराउँदछु ।

**आदारणिय उपस्थित सम्पुर्ण महानुभावज्यूहरु**

**अन्त्यमा,**

यो बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नु हुने श्रदेय गाउँपालिका अध्यक्षज्यू, विभिन्न विषयगत समितिका संयोजक एवं सदस्यज्यूहरु, गाउँसभा सदस्यज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछौ । बजेटको सिद्धान्त र प्राथमिकतामा व्यापक छलफल गरि सर्वपक्षीय भेला, टोल विकास/सुधार समिति, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सवै कर्मचारी मित्रहरु प्रति सुझावका लागि आभारी छौ । आमागी बर्षको यो बजेट कार्यान्वयमा सवै पक्षको सहयोग रहने अपेक्षा गरेका छौ । साथै गाउँपालिका भित्र रहनु भएका वा वाहिर रहनु भएका सवै स्थानीय आमा बुवा दाजु भाई दिदि वहिनी, सवै पेशा वर्ग र क्षेत्रमा आवद्ध आम जनसमुदायमा समृद्ध दोरम्बा निर्माणको यस महान अभियानमा साथ दिनुहुनेछ भन्ने अपेक्षा राख्दछु ।

**धन्यवाद**

**श्री कृशला घिसिङ**
**उपाध्यक्ष**